# विनयी त्रिबेणी गाउँपालिकाकको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि

२०७३ २०८०

विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (व.स.पूर्व),दुम्कीबास
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला
गण्डकी प्रदेश, नेपाल
२०७३

# विनयी त्रिवेणी गाउँपालिकाकको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि , २०८०

प्रस्तावना: विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको आभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरि दिगो उपयोग गर्न र यस क्षेत्रवाट प्राप्त हुने राजस्व सङ्कलनलाई ब्यवस्थित गर्न तथा गाउँपालिकालाई ढुङ्गा, गिट्टी, वालुवा एवंम् माटोजन्य बस्तुको विक्रि गर्ने अधिकारको उपयोग गर्ने प्रक्रिया निर्धारण गर्न वाच्छानीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) (प) ले दिएको अधिकार प्रयोग गरि विनयी त्रिवेणी गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "विनयी त्रिवेणी गाउँपालिका नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मौज्दात परिमाण प्रमाणित गर्ने सम्बन्धि कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "नदिजन्य पदार्थ " भन्नाले नदि वा नदि किनारवाट उत्खनन गरिएको ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले विनयी त्रिवेणी गाउँपालिका सम्झनु पर्छ ।

(घ) " मौज्दात" भन्नाले ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गरि बिक्रि वितरण पश्चाताप बाकि रहेको नदिजन्य पदार्थको परिमाण सम्झनु पर्छ।

(ङ) "परिमाण" भन्नाले ढुङ्गा, गिट्टी, बालुवाको मात्र सम्झनु पर्छ।

(च) "अनुगमन समिति" भन्नाले गाउँपालिका भित्र नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को नियमित अनुगमन तथा व्यवस्थापन र मौज्दात परिमाण प्रमाणित गर्न प्रयोजनको लागि गठन गरिएको गाउँ स्तरीय अनुगमन सम्झनु पर्छ।

३. **नदिजन्य पदार्थको सङ्कलन, उत्खनन् र विक्रि :** (१) गाउँपालिकाको अनुमतिमा मात्र नदिजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्रि वितरण कार्य गर्नु पर्ने छ ।

(२) गाउँपालिकाको अनुमतिविना उत्खनन् र सङ्कलन कार्य गर्न पाईने छैन यदि कसैले यस्तो कार्य गरेमा प्रचलित कानुन बमोजिम हुने छ ।

घनश्याम गिरी

Scanned with CamScanner

गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला
गण्डकी प्रदेश, नेपाल
२०७३

४. मासिक विवरण पेश गर्नु पर्ने : (१) नदिजन्य पदार्थको व्यवसायिक कारोवार गर्ने क्रसर उधोग, बालुवा प्रशोधन उधोग तथा सप्लायर्स कम्पनि हरुले आफुले उत्खनन तथा खरिद बिक्रि गरेको नदिजन्य पदार्थको विवरण अनुसूची - १ को ढाचामा महिना समाप्त भएको सात दिन भित्र गाउँपलिकामा पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम मासिक विवरण पेश नगर्ने उधोग, फर्म, कम्पनि लाई प्रति महिना क्रमस क्रसर उधोग लाई बिस हजार, बालुवा प्रशोधन उधोग लाई दश हजार र सप्लायर्स कम्पनि हरुलाई पाच हजार जरीवाना गर्नु पर्ने छ ।

(३) तोकिएको जरीवाना तथा राजस्व दाखिला नगर्नेको हकमा उधोग कम्पनि तथा फर्म नबिकरण गर्दाका बखत तोकिएको जरिवानाको अतिरिक्त थप बिस प्रतिशत जरिवाना लिई मात्र फर्म उधोग र कम्पनि नविकरण गर्नुपर्ने छ ।

(४) समयमा नविकरण नगर्ने उधोग, फर्म र कम्पनीको दर्ता खारेजी गरि कारोवार बन्द गर्न सम्बन्धित निकायमा लेखि पठाउनु पर्ने छ।

५. मौज्दात परिमाण प्रमाणित गर्ने: (१) गाउँपालिका भित्र संचालित क्रसर उधोग, बालुवा प्रशोधन उधोग तथा नदिजन्य पदार्थको कारोवार तथा बिक्रि वितरण गर्ने सप्लायर्स कम्पनि र गाउँपालिकाले आव्हान गरेको ठेक्कामा सहभागी भै ठेक्का प्राप्त गर्न ठेकेदारले यस कार्यविधि बमोजिम मौज्दात बिवरण प्रमाणित नगरी बेचबिखन गर्न सक्ने छैनन् ।

(२) गाउँपालिकाले प्रदान गरेको अनुमति तथा एक आर्थिक बर्षमा आब्हान भएको आन्तरिक आयको ठेक्का कबोल गरि सम्झौता गर्ने फर्म तथा कम्पनीले उत्खनन् गरि सङ्कलन गरेको परिमाणको मात्र वार्षिक रुपमा मौज्दात परिमाण प्रमाणित गर्नु पर्ने छ ।

तर कुनै पनि फर्म कम्पनीले आर्थिक बर्षमा आफुले सम्झौता गरेको ठेक्काको परिमाण दुइ वा दुइ भन्दा वढी यस गाउँपालिकामा दर्ता भएका फर्म वा कम्पनीलाई बिक्रि गर्नु परेमा, अनुसूची ३ वमोजिमको ढाचामा सम्झौता गरि बिक्रि गर्नुपर्ने छ र त्यस्तो फर्म तथा कम्पनीको पनि गाउँपालिकाले मौज्दात परिमाण प्रमाणित गर्न सक्ने छ, बिक्रि गरेको फर्मको हाकमा बिक्रि गरि बाकि रहेको नदिजन्य पदार्थको मात्र मौज्दात प्रमाणित गर्नुपर्ने छ ।

(३) नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गर्न ठेकदार कम्पनीले ठेक्का अवधि समाप्त भएको सात दिन भित्र तथा अन्य क्रसर, बालुवा प्रशोधन तथा नदिजन्य पदार्थको कारोवार गर्ने फर्म कम्पनि तथा संस्थाले प्रत्यक आर्थिक वर्ष समाप्त भएको मितिले पन्ध्र दिन भित्र निवेदन दिनु पर्ने छ , सो अवधि पश्चात दिइएको निवेदन उपर कुनै कारवाही हुनेछैन ।

घनश्याम गिरी

(४) मौज्दात परिमाण प्रमाणित गराउने दायित्व सम्बन्धित कम्पनिको हुने छ, उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि यो कार्यविधि लागु भए पछीको पहिलो पटकको हकमा असोज मसान्त भित्र मौज्दात परिमाण प्रमाणित गर्ने गरि कार्य सम्पन्न गरि सक्नुपर्ने छ।

(५) मौज्दात परिमाण प्रमाणपत्र गाउँपालिकासंग खरिद गर्ने वा गाउँपालिकाले आव्हान गरेको आन्तरिक आय ठेक्का प्रास गरेको तथा सो ठेक्का बाट खरिद गरेको उधोग, क्रसर, फर्म/कम्पनि, प्रशोधनकेद्र वा सप्लायर्सले मात्र प्रास गर्ने छ ।

(६)मौज्दात परिमाण प्रमाणित गर्दा गाउँपालिका संग गरेको खरिद, गाउँपालिकाले आव्हान गरेको आन्तरिक आय ठेक्का बाट प्रास बिल बाहेक अन्यत्र बाट जारी भएको बिल मान्यहुने छैन।

(७) मौज्दात परिमाण प्रमाणित गर्नको लागि अनुसूची - १ बमोजिमको ढांचामा खरिद बिक्रि गरेको सम्पूर्ण परिमाण, आफुसंग भएको मौज्दात परिमाण, कम्पनि दर्ता प्रमाणपत्र, भ्याटमा दर्ता भएको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र कम्पनि नबिकरण प्रमणपत्र तथा घाटगद्धीको लागि गाउँपालिका बाट प्रास अनुमति पत्र सहित गाउँपालिकामा निवेदन दिनु पर्ने छ ।

(८) प्राप्त निवेदनको आधारमा गाउँपालिकाले अनुसूची २ बमोजिमको ढांचामा मौज्दात परिमाण प्रमाणपत्र दिनुपर्ने छ ।

(९) उपनियम (४) बमोजिम मौज्दात प्रमाणित प्रमाणपत्र दिनु अघि परिमाण एकिन गर्न गाउँपालिकाको अनुगमन समितिले आवश्यक नापजाच गरि परिमाण एकिन गर्न सक्ने छ, उक्त परिमाण फरक परेमा प्रदेश आर्थिक ऐन बमोजिमको राजस्व र जरिवाना असुल गरि मौज्दात परिमाण प्रमाणित गर्न सक्ने छ ।

(१०) गाउँपालिकाले आव्हान गरेको ठेक्का र बिक्रि वितरण गरेको परिमाणको मात्रै मौज्दात परिमाण प्रमाणित गर्नुपर्ने छ। सो भन्दा बढी देखिएको हकमा अवैध मानि जरीवाना तथा अन्य कानुनि कारवाही गर्नु पर्ने छ।

(११) यस कार्यविधि बमोजिम फर्म, कम्पनि वा सप्लायर्स मार्फत दिइएको निबेदन अनुसार मौज्दात परिमाण प्रमाणित गर्ने नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ, निवेदन दिइएको हकमा मात्रै मौज्दात परिमाण प्रमाणित गर्न गाउँपालिका वाध्य हुने छैन ।

(१२) अनुगमन समितिले अनुगमनको क्रममा फेला पारेका बेबारिसे तथा मौज्दात परिमाण प्रमाणित नभएका नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) जफत गरि कानुन बमोजिम गर्नु पर्ने छ।

(१३) तोकिएको समय भित्र आफ्नो मौज्दात विवरण स्वघोषण गरि मौज्दात प्रमाणित विवरण नलिने कम्पनि फर्म सप्लायर्स लाई प्रत्यक वर्षको लागि क्रसर उधोग को लागि तिस हजार, बालुवा प्रशोधन उधोगको लागि बिस हजार र सप्लायर्सको लागि दश हजार रुपैया जरीवाना अशुल गर्नु पर्ने छ ।

घनश्याम गिरी

६. अनुगमन सम्बन्धि व्यवस्था : (१) यस कार्यविधि बमोजिम गाउँपालिका भित्र नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को नियमित अनुगमन तथा व्यवस्थापन र मौज्दात परिमाण प्रमाणित गर्न प्रयोजनको लागि देहाय बमोजिमको एक गाउँपालिका स्तरीय अनुगमन समिति गठन गरिने छ ।समितिले आवश्यकता आनुसार अन्य व्यक्तिलाई आमन्त्रित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

| | |
|---|---|
| (क) उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| (घ) गाउँपालिका ईन्जिनियर | सदस्य |
| (ङ) गाउँपालिका अध्यक्षले तोकेको १ जना कार्यपालिकाको सदस्य | सदस्य |
| (घ) राजश्व शाखा प्रमुख | सदस्य सचिव |

७. थपघट तथा हेरफेर : (१) यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर, खारेज वा संशोधन गर्न सक्नेछ ।

८. बाधा, अड्काउ, फुकाउ : (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अड्काउ आइपरेमा गाउँकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

९. खारेजी र बचाउ : (१) यो कार्यविधि लागु भए पश्चात विनयी त्रिबेणी गाउँपालिका नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मौज्दात परिमाण प्रमाणित गर्ने सम्बन्धि कार्यविधि, २०७९ खारेज गरिएको छ ।

(२) नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मौज्दात परिमाण प्रमाणित गर्ने कार्यविधि २०७९ बमोजिम भए गरिएका सबै काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

(३) अन्य कुराको हकमा नेपाल सरकारबाट जारी गरिएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७७ बमोजिम हुने छ ।

घनश्याम गिरी

अनुसूची १

Scanned with CamScanner

(दफा ४ को उपदफा (३) संग सम्बन्धित)

मिति :

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
विनयी त्रिवेणी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय
दुम्किबास, नवलपरासी ब.सु.पू. ।

विषयः नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को मौज्दात परिमाण प्रमाणित गरी पाँउ ।

प्रस्तुत विषयमा यस आ.व. ............मा संचालित ठेक्का पट्टा न. ............................ ........................तथा ........................................................................................... खोला खण्ड वाट विनयी त्रिवेणी गाँउपालिका वडा नं. ..... मा रहेको यस ........................... ....................................... कम्पनीले खरिद बिक्रि गरि बाकी रहेको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को मौज्दात परिमाण प्रमाणित गरिदिनु हुन तपसिल बमोजिमका कागजातहरु संलग्न गरी निवेदन पेश गरेको छु ।

तसिल

१. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपी ।
२. भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।
३. व्यवसाय दर्ता प्रमाणपत्रको तथा नविकरणको प्रतिलिपी ।
४. करचुक्ता वा म्याद थप प्रमाणपत्रको प्रतिलिपी ।
५. खरिद परिमाणको विवरण र गाउँपालिका संग भएको ठेक्का सम्झौता प्रतिलिपि।
६. बिक्रि परिमाणको विवरण र विलको प्रतिलिपि ।
७. मौज्दात रहेको परिमाणको विवरण।
८. मौज्दात परिमाण रहेको स्थान र जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी।
९. जग्गा वहालमा लिएको भए सम्झौता पत्र वा मन्जुरीनामाको प्रतिलिपी ।
१०. घाटगद्धीको लागि गाउँपालिका वाट प्राप्त अनुमति पत्र

निवेदक

दस्तखतः
प्रोपाईटरको नामः
कम्पनीको नामः
ठेगानाः
मोवाईल नं.
कम्पनीको छापः

विवरण पेश गर्ने ढाचा

Scanned with CamScanner

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
विनयी त्रिवेणी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय
दुम्किब..., नवलपरासी ब.सु.पू. ।

विषयः नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मौज्दात विवरण स्वघोषण गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा यस विनयी त्रिवेणी गाँउपालिका वडा नं. ..... मा रहेको यस ...................................................................... कम्पनी संग ................महिना सम्म तपशिल बमोजिम नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को परिमाण रहेको स्वघोषण गर्दछु।

तपशिल :

| क्र.स. (क) | अघिल्लो महिना सम्मको मौज्दात विवरण (घ.फु.) (ख) | खरिद परिमाण (घ.फु.) (ग) | बिक्रि परिमाण (घ.फु.) (घ) | जम्मा मौज्दात परिमाण (घ.फु.) (ङ) =(ख) + (ग) - (घ) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

उलेखित विवरण ठिक साचो छ, झुठो ठहरिएमा प्रचलित कानुन बामोजिम सहुला बुझाउँला।

निवेदक

| दा. | बा. |
|---|---|
| | |

दस्तखतः
प्रोपाईटरको नामः
कम्पनीको नामः
ठेगानाः
मोबाईल नं.
कम्पनीको छापः

अनुसूची २
(दफा ४ को उपदफा (४) संग सम्बन्धित)

Scanned with CamScanner

गण्डकी प्रदेश, नेपाल
२०७३

मिति :

विषयः- मौज्दात परिमाणको विवरण उपलब्ध गराईएको सम्वन्धमा ।

श्री ........................................

....................................... ।

उपरोक्त विषयमा तहाँ फर्म/कम्पनी/उद्योग/सप्लायर्सले दिएको निवेदन माग बमोजिम यस गाँउपालिकाको निर्णय अनुसार तहाँ फर्म/कम्पनी/उद्योग/सप्लायर्स को आ.व. .................. मा तपसिल वमोजिमको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को मौज्दात परिमाण रहेको व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

| सि.न. | फर्म/कम्पनी/उद्योग/ सप्लायर्सको नाम | मौज्दात परिमाण रहेको स्थान | मौज्दात परिमाण (घ.फु.) | कैफियत |
|---|---|---|---|---|
| | | | | |

..............................

प्रमुख प्रशासकीय अधिकृत

नोट : यो मौज्दात परिमाणको विवरण व्यवासायीले बुझाएको विवरणको आधारमा जारी गरिएको छ, यो प्रमाणपत्रमा लेखिएको विवरण र व्यवसायी संग भएको परिमाण नमिलेमा वा फरक परेमा त्यसको कानुनि दाइत्व व्यवसायीको हुनेछ र प्रचलित कानुन आनुसार कारबाही हुनेछ ।

अनुसूची ३

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

Scanned with CamScanner

गाउँकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल
२०७३

## सम्झौता पत्र

श्री ............................................................................................................ (जसलाई यस पछि प्रथम पक्ष भनिनेछ) र श्री ............................................................................................ (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) विच निम्न शर्तहरुको पूर्ण रुपमा पालना गर्ने गरि नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) परिमाण खरिद गर्न दुवै पक्ष मञ्जुर भई यो सम्झौता पत्रमा सहि गरिदियौ, लियौ ।

शर्तहरुः

१. यसमा प्रथम पक्षले ................................घ.फि. परिमाण दिनु गर्नेछ र सो खरिद गरे वापत दोस्रो पक्षले करसहित रु .......................... (अक्षरुपी ............................................................................ ...................... मात्र) को रकम प्रथम पक्षलाई भुक्तानी दिनुपर्नेछ ।

२. दोस्रो पक्षले सम्झौता भएको मितिवाट नै खरिद कार्यआरम्भ गर्नुपर्नेछ ।

३. प्रथम पक्षले उलेखित परिमाणको भ्याट विल दोस्रो पक्ष लाई दिनुपर्ने छ ।

४. दोस्रो पक्षले शर्त बमोजिमको कार्य मिति ................................ गतेभित्र पुरा गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को ढुवानी गर्ने कार्य सुर्योदय देखि सुर्यास्तसम्म मात्र गर्नुपर्नेछ ।

६. यस सम्झौतामा लेखिएका सम्पूर्ण शर्तहरु यसै बमोजिम हुनेछन् ।यसमा कुनै कुरा छुट भएमा छुट भएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(प्रथम पक्ष)
दस्तखतः
फर्मको नामः
प्रोपाईटरः-
ठेगानाः-.

(द्वितिय पक्ष)
दस्तखतः
फर्मको नामः
प्रोपाईटरः-
ठेगानाः-.

रोहवर

दस्तखतः
नामः

दस्तखतः
नामः

इति सम्वत .......... साल ....... गते रोज ..... मा शुभम्.........................................।

घनश्याम गिरी
अध्यक्ष

Scanned with CamScanner

मिति २०८०/०५/१५ गते बसेको गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको यो कार्यविधि प्रमाणीकरण गर्दछु ।

घनश्याम गिरी

घनश्याम गिरि

अध्यक्ष

मिति : २०८०/०५/१५

Scanned with CamScanner